जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३५ अंक १३६ २०८२ साल पुस १२ गते शनिबार (27 Dec 2025 Saturday) मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र :* २ पृष्ठमा : ४७ वर्षको जटिलता ४७ दिनमै... ३ पृष्ठमा : कृषिलाई जीवनशैली ... ३ पृष्ठमा संयुक्त राष्ट्रसंघद्वारा बुशरा..

## धार्मिक आस्था विरुद्धको अभिव्यक्तिले राजविराज तनाव



**दैनिक समाचारदाता**
**राजविराज, ११ पुस ।**

हिन्दु धर्मावलम्बीको आस्थालाई चोट पुऱ्याउने गरी दिइएको अभिब्यक्तिका कारण दुई दिनदेखी राजविराज नगर क्षेत्रमा तनाव बढेको छ । हिन्दु धर्मावलम्बीका युवाहरुद्वारा चर्को विरोध प्रर्दशन भएको छ भने आपसी सद्भाव भड्किने सम्भावना समेत बढ्दै गएको छ ।

यसै क्रममा शुक्रवार हिन्दु सम्राट सेना र बजरंग दल सप्तरीले राजविराज बजार बन्द गराएका छन । विहानै देखी सडकमा भेला भएका हिन्दुवादी संगठनका युवाहरुले ठाउँ ठाउँमा टायर बालेर सडकमा बाँसको ढाट लगाएर आवागमन ठप्प पारेका छन ।

विद्यालय तथा कार्यालय बन्द भएका छन् भने यातायात ठप्प भएको छ । यता आन्दोलनकारीहरुको प्रर्दशन र सुरक्षालाई ध्यानमा राख्दै उच्च अदालत जनकपुर-राजविराज इजलाश तथा सप्तरी जिल्ला अदालतले सुचना टाँस गरेर एक दिनका लागी सेवा रोकिएको जानकारी गराएको छ ।

हिन्दु देवी देवता उपर समाजिक सञ्जाल मार्फत गलत टिप्पणी गर्ने ब्यक्ती उपर कडा कारवाहीको माग गर्दै हिन्दुवादी संगठनका युवाहरुले बजार समेत बन्द गराएका छन ।

राजविराज १ निवासी अफरोज आलमले समाजिक सञ्जाल मार्फत हिन्दु धर्म तथा देवी देउतामाथी अभद्र टिका टिप्पणी गरेको भन्दै हिन्दु युवाहरु आन्दोलित भएका हुन ।

हिन्दु सम्राट सेना सप्तरीका अध्यक्ष सुरेन्द्र दासले आलमलाई पक्राउ गरी कारवाही नगरे सम्म आन्दोलन नरोकिने बताए ।

*बाँकी तीन पृष्ठमा*

## आगलागिमा दुई लाख भन्दा बढीको क्षति



**दैनिक समाचारदाता**
**राजविराज, ११ पुस ।**

सप्तरीको छिन्नमस्ता गाउँपालिकामा बिहीबार आगलागि हुँदा दुई लाख भन्दा बढी मुल्य बराबरको क्षति भएको छ ।

सो गाउँपालिका वडा नं. ३ गोविन्दपुरस्थित मुस्लिम टोलमा आगलागी हुँदा दुई लाख ६५ हजार रुपैयाँ बराबरको धनमाल क्षति भएको हो ।

स्थानीय मो. रहमद मियाँको टिनको छानो र वरिपरि बाँसको टाटीले घेरिएको एकतले घरमा बिहीबार राति १०:३० बजे विद्युत् तार सर्ट भई अचानक आगलागी भएको प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायव उपरीक्षक डम्बर बहादुर पुरीका अनुसार आगलागीबाट धान २५ मन र

*बाँकी दुई पृष्ठमा*

## ज्येष्ठ नागरिक प्रेरणाको श्रोत भएको भन्दै संरक्षणमा जोड



**दैनिक समाचारदाता**
**राजविराज, ११ पुस ।**

पाँचौ जेष्ठ नागरिक दिवसको अवसर पारेर शुक्रबार ज्येष्ठ नागरिक जिल्ला संघ तथा पुर्व कर्मचारी सेवा परिषद् नेपाल सप्तरीले संयुक्त रुपमा १२ जना ज्येष्ठ नागरिकलाई सम्मान गरेको छ ।

आयोजित 'जेष्ठ नागरिक सम्मान कार्यक्रम' मा सहभागी वक्ताहरुले जेष्ठ नागरिक समाजको प्रेरणाका स्रोत भएकोले उनीहरुको संरक्षण र उनीहरुबाट शिक्षा लिदै अघि बढ्नुपर्नेमा जोड दिएका छन् ।

कार्यक्रमका प्रमुख अतिथि समाजसेवी एवं जयेष्ठ नागरिक संघका जिल्ला अध्यक्ष रामनरेश सिंहले जेष्ठ नागरिक समाजका प्रेरणाका स्रोत भएकाले उनीहरुबाट शिक्षा लिदै भावी र वर्तमान पुस्ता अघि बढ्नुपर्नेमा जोड दिए ।

नागरिक समाज सप्तरीका अध्यक्ष थानसिंह भन्साली ज्येष्ठ नागरिक देशकै सम्पति भएको जिकिर गर्दै उनीहरुको संरक्षणमा जोड दिए ।

ज्येष्ठ नागरिक संघ मधेश प्रदेशका पुर्व अध्यक्ष शंकर सारदाले जेष्ठ नागरिकको जिवन यापन सहज बनाउन परिवार, समाज, विभिन्न संघ संस्थाका साथै राज्यले पनि विशेष सहयोग गर्नुपर्नेमा जोड दिए ।

पुर्व कर्मचारी सेवा परिषद् नेपाल सप्तरीका अध्यक्ष चन्द्रदेव

*बाँकी तीन पृष्ठमा*

IMPACT Nepal

## आवश्यकता

अपाङ्गता रोकथाममा समर्पित गैर-सरकारी सामाजिक संस्था इम्प्याक्ट नेपालका लागि करार सेवामा तपसिल बमोजिमका पदहरु पूर्ति गर्नुपर्ने भएकोले इच्छुक नेपाली नागरिकहरुबाट मिति **२०८२ पौष १४ गते सम्ममा** आइपुग्ने गरि दरखास्त आह्वान गरिएको छ ।

| पद | काम गर्ने स्थान | संख्या | न्यूनतम योग्यता |
|---|---|---|---|
| सहायक लेखापाल | राजविराज, सप्तरी | १ | एकाउण्ट विषय लिइ + २ उत्तीर्ण |
| कान उपचार कार्यकर्ता | क्लैया, बारा | १ | CMA/HA उत्तीर्ण गरि कान उपचार सम्बन्धी न्यूनतम १ महिना तालिम लिएको |
| रजिष्ट्रेशन सहायक | गौर, रौतहट | १ | SEE उत्तीर्ण गरि कम्प्युटरको ज्ञान भएको |

**द्रष्टव्यः**

१. दरखास्त बुझाउनु पर्ने स्थानः इम्प्याक्ट नेपाल रुँगटा वेलफेयर कान उपचार केन्द्र गण्डक बहुअरी वीरगंज (०५१-४११०५४) वाइम्प्याक्ट नेपाल डा. लक्ष्मीनारायण कान उपचार केन्द्र, गौर (०५५-५२०७७३) वाइम्प्याक्ट नेपाल कान उपचार केन्द्र, मलेठ, राजविराज (०३१-५९०००५) वा ईमेलः vacancy.impactnepal@gmail.com मार्फत् पनि पठाउन सकिनेछ ।
२. दरखास्तका साथ नागरिकता, शैक्षिक योग्यता, तालिम, अनुभव तथा प्रशंसा पत्रको प्रमाण-पत्रका प्रतिलिपिहरु पेश गर्नु पर्नेछ ।
३. अनुभवी र स्थानीय उम्मेदवारलाई प्राथमिकता दिइनेछ ।
४. तलव भत्ता तथा अन्य सुविधा संस्थाको नियमानुसार हुनेछ ।

**इन्फ्लुइन्जा (फ्लू) बाट सुरक्षित रहौं ।**

इन्फ्लुएन्जा (फ्लू) बाट बचनः

- नियमित रुपमा साबुन पानीले हात धुने गरौं।
- खोक्दा वा हाच्छ्युँ गर्दा नाक, मुख रुमाल वा कुहिनोले छोपौं।
- जाडोमा टाउको, हातखुट्टा छोपिने गरी न्यानो कपडा लगाऔं।
- भिडभाड र बन्द ठाउँमा धेरै समय नबसौं।
- फ्लूका लक्षण (ज्वरो, खोकी, घाँटी दुखे, थकान) देखिए सावधानी अपनाऔं।
- सफा, ताजा र पोपिलो खाना खाऔं।
- बालबालिका, महिला, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्ति, गर्भवती तथा दीर्घरोगीको विशेष संरक्षण गरौं।

स्वास्थ्यमा समस्या देखिए चिकित्सकको परामर्श लिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

### चिसोबाट बचौं र बचाऔं

केही दिनदेखी अत्याधिक बढेको चिसोले जनजिवन प्रभावित हुँदै गएको छ । जाडोयाम सुरु भएसँगै देशका धेरै स्थानमा चिसोको प्रभाव बढ्दै गएको हो । चिसोबाट बच्न सबैभन्दा पहिले न्यानो कपडाको उचित प्रयोग अनिवार्य छ । बिहान-साँझको अत्यधिक चिसोमा बाहिर ननिस्कनु, निस्कनै परे टोपी, मोजा, पन्जा र न्यानो ज्याकेट लगाउनु आवश्यक हुन्छ । घरभित्र न्यानोपन कायम गर्न आगो, हिटर वा घामको सदुपयोग गर्न सकिन्छ तर आगलागीबाट जोगिन विशेष सावधानी अपनाउनुपर्छ । पोषिलो र तातो खानेकुरा चिसोबाट जोगिन सहयोगी हुन्छन् । झोलिलो खानेकुरा, सूप, तातो पानी, जाउलो, अदुवा, लसुन, बेसारजस्ता प्राकृतिक तत्वको प्रयोगले शरीरलाई न्यानो राख्न मद्दत गर्छ ।

विपन्न, बालबालिका, ज्येष्ठ नागरिक र दीर्घरोगीहरू चिसोको प्रत्यक्ष मारमा परिरहेका छन् । चिसोका कारण रुघाखोकी, निमोनिया, दम, जोर्नी दुखाइलगायतका समस्या बढ्दै जानुका साथै जनजीवन समेत प्रभावित बन्दै गएको छ । चिसो लाग्ने लक्षण देखिएमा बेवास्ता नगरी स्वास्थ्य संस्थामा परामर्श लिनु जरुरी छ । चिसो प्राकृतिक अवस्था भए पनि सावधानी र सचेतनाले त्यसको असर कम गर्न सकिन्छ । यस्तै सरसफाइ र स्वास्थ्यप्रति सचेत रहनु पनि उत्तिकै आवश्यक छ ।

व्यक्ति, परिवार, समुदाय र राज्य सबैले आ-आफ्नो जिम्मेवारी निभाए मात्र चिसोबाट हुने क्षति न्यूनिकरण सम्भव छ । तसर्थ स्थानीय तह, स्वास्थ्य संस्था र सरोकारवाला निकायहरूले चिसोबाट जोखिममा परेका समुदायका लागि न्यानो कपडा, दाउरा, कम्बल वितरण तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने आवश्यकता छ ।

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# ४७ वर्षको जटिलता ४७ दिनमै अन्त्य, जेनजी सरकारबाट स्वास्थ्य क्षेत्रमा ऐतिहासिक पहल

**सुदीप राउत**

सिरहा, ११ पुस (रासस) ।

अस्पतालको काम बिरामीको उपचार गर्नु हो, तर लहानको रामकुमार शारडा उमाप्रसाद मुरारका अस्पताल आफैँ ४७ वर्षदेखि 'रोग' ले थलिएको थियो । त्यो रोग थियो, कानुनी पहिचानको अभाव । रु ७० करोडभन्दा बढी मूल्य पर्ने जग्गामा ठडिएको यो अस्पतालको आफ्नो भन्नु केवल जीर्ण भवन र सेवामात्र थियो, जमिनको स्वामित्व भने अझै दाताकै नाममा थियो ।

जग्गा आफ्नो नाममा नहुँदा अस्पतालले झण्डै आधा शताब्दी 'आइसोलेसन'मा बिताउनुपर्‍यो । न त यहाँ ठूला भवन बनाउन बजेट आयो, न त आधुनिक उपकरण जडान गर्न कानुनी बाटो खुल्यो । पुस्ता फेरिए तर अस्पतालको 'लालपुर्जा' हात लाग्न सकेन । व्याप्त निराशालाई चिर्दै जेनजी आन्दोलनपछिको नयाँ राजनीतिक नेतृत्वले ४७ वर्षको यो जीर्ण रोगलाई मात्र ४७ दिनमा 'अप्रेसन' गरेर निको पारिदिएको छ ।

राजमार्गको मुटुमा रहेको एक बिघा १५ कट्ठा १० धुर जग्गामा ट्रमा सेन्टर बनाउने योजना कयौँपटक कागजमै आए र त्यही हराए । सङ्घीय सरकारले जग्गा आफ्नो नाममा नभएसम्म बजेट विनियोजन गर्न नमिल्ने शर्त राखिरह्यो । उता, रु एक करोड ३४ लाख ९५ हजार लाभकर कसले तिर्ने भन्ने विवादले सिरहा, सप्तरी र उदयपुरका झण्डै १५ लाख नागरिकको स्वास्थ्यमाथिको भविष्यलाई बन्धक बनाइराख्यो ।

दाताले २०३५ सालमै दान दिएको जग्गालाई सरकारी स्वामित्वमा ल्याउन कुनै ठूलो राजनीतिक क्रान्ति चाहिँदैनथ्यो, मात्र एउटा इमानदार 'इच्छाशक्ति'को खाँचो थियो । विसं २०६१ मा सुरु भएको फाइल २०८२ सालसम्म आइपुग्दा पनि सरकारी टेबलमै थन्कियो । जसले यहाँको नेतृत्वलाई नराम्ररी गिज्याइरहेको थियो ।

**दाताको उदारता र ४७ वर्षको 'लफडा'**

विसं २०३५ मा लहानका प्रख्यात मनकारी दाताद्वय रामकुमार शारडा र उमाप्रसाद मुरारकाको परिवारले मुट्ठी फुकाएर अस्पताल निर्माणका लागि उक्त जग्गा दान दिएका थिए । सोही समयमा स्वास्थ्य विभागसँग सम्झौता भयो, भवन बन्यो र तत्कालीन राजा वीरेन्द्र वीरविक्रम शाहबाट भव्य उद्घाटन पनि भयो । तर, विडम्बना ! त्यो जग्गा अस्पतालको नाममा नामसारी हुन सकेन ।

जग्गा सरकारी स्वामित्वमा नआउनुको पछाडि कुनै ठूलो विवाद थिएन, मात्र एउटा प्राविधिक कारण थियो 'लाभकर' । दाताले जग्गादान गरिसकेका थिए, त्यसैले उनीहरूले कर तिर्ने कुरै भएन । सरकारले रजिष्ट्रेसनका लागि लाग्ने लाभकर मिनाहा गर्ने निर्णय नगरिदिँदा समस्या ज्यूँका त्यूँ रह्यो । फाइल अघि बढेन । विसं २०६१ मा करिब रु २६ लाख कर छुटका लागि प्रयास भए पनि त्यो राजनीतिक 'तिकडमबाजी'को सिकार बन्यो ।

समय बित्दै जाँदा राजमार्ग नजिकै रहेको उक्त जग्गाको मूल्य आकासिएर अहिले करिब रु ७० करोड पुगेको छ । र, लाग्ने लाभकर पनि बढेर रु एक करोड ३४ लाख ९५ हजार पुग्यो । यही करको मारमा परेर अस्पतालले दशकौँसम्म जग्गाको स्वामित्व पाउन सकेन, जसका कारण अस्पताललाई स्तरोन्नति गर्न र ट्रमा सेन्टर बनाउने बजेटहरू पटकपटक फिर्ता भइरहे ।

**जेनजी मन्त्री गुप्ताको 'एक्सन'**

४७ वर्षदेखि थाँती रहेको काम कसरी ४७ दिनमा सम्भव भयो त ? यसको श्रेय जान्छ, युवा तथा खेलकुदमन्त्री बब्लु गुप्तालाई । जेनजी आन्दोलनपछि लहानकै कर्मठ युवा बब्लु गुप्ता सङ्घीय सरकारको युवा तथा खेलकुदमन्त्री बनेपछि गत कात्तिक ११ गते गृहजिल्ला आउँदा यहाँका जेनजी युवाहरूले मन्त्री गुप्तालाई मारवाडी सेवा सदनमा एउटा ध्यानाकर्षण पत्र बुझाएका थिए । जसमा पहिलो बुँदा नै अस्पतालको जग्गा नामसारी र स्तरोन्नति राखिएको थियो ।

"मन्त्रीज्यूले यो कुरालाई निकै गम्भीरतापूर्वक लिनुभयो । उहाँले त्यही दिन अस्पताल पुगेर प्रशासनसँग गम्भीरतापूर्वक वस्तुस्थिति बुझ्नुभयो, "स्थानीय युवा सुदीप कुशवाहा सम्झिनुहुन्छ, "काठमाडौँ फर्केपछि उहाँले निरन्तर ताकेता गर्नुभयो र हामीलाई पनि स्थानीयस्तरमा समन्वय गर्न अह्राउनुभयो ।"

अर्का युवा फिरोज शेखसहितको टोलीले मालपोत, नापी र नगरपालिकाबीच समन्वय गराउन रातदिन मेहेनत गर्‍यो । "कहिले मालपोत प्रमुख डमरु निरौलासँग चर्काचर्की हुन्थ्यो, कहिले सिडीओको कार्यकक्षमा घण्टौँ बैठक बस्थ्यो, "शेख भन्नुहुन्छ, "नगरपालिकाको सिफारिस, कार्यपालिकाको निर्णय र प्रदेश सरकारको समन्वय नमिल्दा ४७ वर्षदेखि काम ठप्प थियो । तर यसपटक सबैलाई एउटै लक्ष्यमा बाँधियो ।"

**४७ दिनको दौडधुप र ऐतिहासिक निर्णय**

मङ्सिर २ गते मालपोतमा कागजात अपुग देखिएपछि जेनजी टोलीले नगरपालिका र प्रशासनसँग समन्वय गरी जग्गा र भवनको मूल्याङ्कन गरायो । नगरप्रमुख महेशप्रसाद चौधरी र नगरपालिका अधिकृतले सकारात्मक हुँदै करिब रु ४० हजार दस्तुर मिनाहा गर्ने निर्णय गर्नुभएको अर्का सक्रिय युवा सुवास चौधरीले जानकारी दिनुभयो । त्यसपछि मालपोत प्रमुख डमरु निरौलाले सक्रियता देखाउँदै भूमि व्यवस्था मन्त्रालयमा फाइल पठाउनुभएको उहाँले बताउनुभयो ।

मङ्सिर १६ गते भूमि मन्त्रालयले अर्थ मन्त्रालयलाई पत्र पठायो । केही समय प्रदेश सरकारको निर्णय कुरेर बसेको फाइल मन्त्री गुप्ताको व्यक्तिगत पहल र ताकेतापछि मङ्सिर २९ गतेको सङ्घीय मन्त्रिपरिषद् बैठकमा पुग्यो । सोही बैठकले रु एक करोड ३४ लाख ९५ हजार लाभकर मिनाहा गर्ने ऐतिहासिक निर्णय गर्‍यो ।

**अब खुल्नेछ समृद्धिको बाटो**

बिहीबार लहानमा आयोजित विशेष समारोहमा जब दाता परिवारका मुरारीलाल मुरारका र पवनकुमार शारडाले अर्थमन्त्री रामेश्वर खनालमार्फत रातो लालपुर्जा सरकारलाई हस्तान्तरण गर्नुभयो, तब उपस्थित सबैले ताली बजाएर स्वागत गरे । दाता पवन शारडाले भन्नुभयो, "हामीले त उहिल्यै जग्गा दिएका थियौँ, आज अस्पतालले आफ्नै हातमा स्वामित्व पाउँदा खुसी लागेको छ । सिरहावासीको स्वास्थ्य सेवामा यो कोसेढुङ्गा बनोस् ।" सो अवसरमा अर्थमन्त्री खनालले ४७ वर्षसम्म फाइल अड्किनुलाई सामान्य प्रशासनिक ढिलासुस्तीमात्र मान्न तयार हुनुभएन । उहाँले यसलाई व्यवस्था र नेतृत्वको असफलताको रूपमा चित्रण गर्नुभयो ।

"भदौ २४ पछिको परिवर्तनले जेनजी सरकार बनायो र त्यही सरकारले ४७ वर्षदेखि अल्झिएको काम ४७ दिनमै पूरा गरिदियो," मन्त्री खनालले भन्नुभयो, "४७ वर्षसम्म किन अस्पतालको जग्गाको अड्को फुकाउन सकिएन ? यसको गम्भीर कारण खोजिनुपर्छ । अबको चुनावमा यो एउटा मुख्य राजनीतिक एजेन्डा बन्नुपर्छ ।"

उहाँले अगाडि थप्नुभयो, "यस अवधिमा देशमा कयौँ राजनीतिक व्यवस्था फेरिए, थुप्रै सरकारहरू आए । तर, यदि अहिलेको सरकार र यसका युवा मन्त्रीले यो विषयलाई सङ्घीय सरकारको कानसम्म पुर्‍याएर जोड नदिएको भए, यो जग्गाको नामसारी अझै कति दशक कुर्नुपर्थ्यो, कसैलाई थाहा छैन ।"

सगरमाथा चौधरी आँखा अस्पतालका अध्यक्ष रवीन्द्रलाल चौधरीले प्रादेशिक अस्पताल र आँखा अस्पताल झन्डै पाँच वर्षपछि स्थापना भएका उल्लेख गर्दै दुई अस्पतालको वर्तमान अवस्था आकाश-जमिनको फरक भएको बताउनुभयो । उहाँले गम्भीर हुँदै भन्नुभयो, "पाँच वर्षपछि आँखा अस्पताल आज चार सय ५० शय्यासहित सुविधासम्पन्न भवन र अन्तरराष्ट्रियस्तरको सेवामा विस्तार भइसक्यो । तर, अर्कातिर सरकारी अस्पतालले ४७ वर्षसम्म जग्गाको नामसारीसमेत गराउन नसक्नु लाजमर्दो विषय हो ।"

यो सफलता केवल राजनीतिक प्रक्रिया वा कानूनी निर्णयमात्र नभएर स्थानीय समुदाय, दाता परिवार र युवा नेतृत्वको एकजुट प्रयासको फल हो । मन्त्री गुप्ताका अनुसार यो केवल एउटा जग्गाको कागजमात्र नभएर झण्डै १५ लाख नागरिकका लागि गुणस्तरीय स्वास्थ्य सेवा पाउने अधिकारको सुनिश्चितता हो ।

हुन पनि ४७ वर्ष अड्किएको सपना ४७ दिनमा पूरा भएको छ । जग्गा अस्पतालको स्वामित्वमा आएपछि अब नयाँ भवन निर्माण, सिटीस्क्यान, एमआरआई र विशिष्टीकृत ट्रमा सेन्टर स्थापना गर्ने बाटो पनि खुलेको छ । दाता परिवार, स्थानीय प्रशासन, युवा नेतृत्व र सरकारको पहलबाट निराशा चिर्दै नयाँ आशा जन्माएको छ ।

# आयुर्वेद चिकित्सालयलाई केन्द्रीय आयुर्वेद अस्पतालका रूपमा विकास गरिनेछ

काठमाडौँ, ११ पुस (रासस) ।

स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री डा सुधा गौतमले आयुर्वेद चिकित्सालयलाई केन्द्रीय आयुर्वेद अस्पतालका रूपमा विकास गर्नुपर्नेमा जोड दिनुभएको छ ।

नरदेवीस्थित आयुर्वेद चिकित्सालयको शुक्रबार अवलोकनपश्चात् उहाँले देशैभर रहेका आयुर्वेद स्वास्थ्य संस्थाको रिफर (प्रेषण) केन्द्रका रूपमा विकास गर्नुपर्ने बताउनुभयो । उहाँले भन्नुभयो, "आयुर्वेदको प्रभावकारी र गुणस्तरी उपचार केन्द्रका रूपमा यसलाई विकास गर्नुपर्छ ।"

आयुर्वेद चिकित्सालयलाई अत्याधुनिक, सुविधासम्पन्न स्वास्थ्य संस्थाका रूपमा विकास गर्नेतर्फ सरकार प्रयासरत रहेको उल्लेख गर्दै उहाँले योग र ध्यानलाई आयुर्वेद उपचारसँगै लैजान सुझाव दिनुभयो । स्वास्थ्य जीवशैली, आहारविहार र व्यवहारलाई आमजनमानससम्म पुर्‍याउन उहाँले आग्रह गर्नुभयो ।

स्वास्थ्य बिमा कार्यक्रमको सुधार अहिलेको आवश्यकता भएको उल्लेख गर्दै मन्त्री गौतमले बिमामार्फत आयुर्वेद उपचारको सुनिश्चतता गरिने प्रतिबद्धता व्यक्त गर्नुभयो । "आयुर्वेदलाई पनि बिमामा जोड्नेमा प्रयास गर्नेछु", उहाँले भन्नुभयो ।

सोक्रममा मन्त्री गौतमलाई चिकित्सालयका निर्देशक डा वासुदेव उपाध्यायले सेवा प्रवाह, जनशक्तिलगायत विषयमा जानकारी गराउनुभएको थियो । विसं १९७४ मा स्थापना भएको उक्त अस्पताल १०० शय्यामा सञ्चालित छ । सो अस्पतालमा २४ घण्टा नर्सिङ सेवासहित बिरामीको जाँच, निःशुल्क औषधि वितरण, विशेषज्ञ आयुर्वेद र वैकल्पिक चिकित्सा उपचार सेवा प्रदान गरिँदै आइएको छ ।

***आगलागिमा दुई ...***

चामल १० मन, लत्ताकपडा, भाँडावर्तन तथा सोफा सेट लगायत घरभित्र रहेका सम्पूर्ण सामग्री जलेर नष्ट भएको छ ।

नेपाल प्रहरी, सशस्त्र प्रहरी तथा स्थानीयवासीको सहयोगमा करिब एक घण्टापछि आगो नियन्त्रणमा लिइएको थियो ।

# कृषिलाई जीवनशैली बनाउने सपना

जुनु भट्टराई
विराटनगर, ११ पुस (रासस)।

टाई-सुट लगाएर गाडी चढ्ने, सरररर खेतबारी पुग्ने, त्यहीँ टाई-सुट फुकालेर काम गर्दा लगाउने पोशाक लगाउने, माटोसँग खेल्ने, पसिना बगाउने, अनि काम सकेर फेरि टाई-सुटमै फर्किएर होटलमा बसेर खाजा खाना खाने। यो दृश्यको परिकल्पना धेरैका लागि अझै पनि अस्वाभाविक लाग्न सक्छ। कारण, हाम्रो समाजमा किसान भन्नासाथ झुत्रेझाम्रे, हातमुख जोर्न धौधौ पर्ने झलक अझै बलियो छ। कृषि पेशा पढे-लेखेका युवाको अन्तिम विकल्प हो भन्ने सोच पनि गहिरोसँग जरा गाडेर बसेको छ तर विराटनगर महानगरपालिका-१ का सहकारीकर्मी, कृषि उद्यमी तथा सामाजिक अभियन्ता लोकेन्द्र थापाका लागि यो कुनै चलचित्रको दृश्य होइन, कृषिको सम्मानजनक, आधुनिक र सम्भावनायुक्त भविष्यको स्पष्ट परिकल्पना हो।

सचेतता कृषि सहकारी संस्थाका संस्थापक रहनुभएका थापा लामो समयदेखि किसानलाई हेर्ने परम्परागत दृष्टिकोणमाथि निरन्तर प्रश्न उठाइरहनुभएको छ। उहाँको दृढ विश्वास छ, किसानको जीवनशैली पनि कुनै अफिसर वा मन्त्रीको भन्दा कम हुनुहुँदैन। उहाँ भन्नुहुन्छ, "कृषि पेसा बाध्यता होइन, गर्वको पेसा बन्नुपर्छ। माटोसँग जोडिनु कमजोरी होइन, बरु आत्मनिर्भरता, स्वाभिमान र सम्मानको प्रतीक हो।" यही सोच बोकेर उहाँ कृषिको व्यवसायीकरण र प्रविधिकरणको यात्रामा अघि बढिरहनुभएको छ, जसको एउटा सशक्त माध्यम बनेको छ सचेतता कृषि सहकारी।

युवालाई कृषिमा आकर्षित गर्ने र कृषिलाई आधुनिक प्रविधिसँग जोड्ने उद्देश्यसहित उहाँको नेतृत्वमा २०७७ चैतमा सचेतता कृषि सहकारी संस्था दर्ता भएको हो। मुलुकमा सङ्घीयता लागू भइसकेपछि विराटनगर महानगरपालिकामा दर्ता भएको पहिलो कृषि सहकारी भएको उहाँको दाबी छ। सहकारीलाई सहकारीकै मर्म, मूल्य र सिद्धान्तअनुसार अघि बढाउनुपर्छ भन्ने विषयमा उहाँ अडिग देखिनुहुन्छ। कृषि सहकारी भनेर दर्ता भए पनि धेरै संस्थाले बचत तथा ऋणको कारोबारमै आफूलाई सीमित राखेको देख्दा उहाँ असन्तुष्टि जनाउनुहुन्छ। उहाँ भन्नुहुन्छ, "सहकारीको मूल आत्मा उत्पादन, सीप, साझा श्रम र सामूहिक लाभमा हुनुपर्छ, नकि केवल ब्याजदर र ऋण असुलीमा।"

लोकेन्द्र थापासँग नेपालको सुगम मात्र होइन, दुर्गम जिल्लासम्म पुगेर किसान, कृषि प्रणाली र कृषि प्रविधिसँग काम गरेको झण्डै दुई दशक लामो अनुभव छ। हिमाल, पहाड र तराईका फरकफरक भूगोलमा किसानका समस्या, सम्भावना र सीमा नजिकबाट देखेको यो अनुभवले उहाँलाई एउटै प्रश्नले निरन्तर पछ्याइरह्यो, किन कृषिमा यत्रो सम्भावना हुँदाहुँदै पनि युवा पुस्ता यसबाट टाढिँदै गयो ? किन कृषकलाई सम्मानित जीवनशैलीसँग जोड्न सकिएन ? किन कृषि अझै पनि 'अन्तिम विकल्प' जस्तो बनिरह्यो ? यही प्रश्नको उत्तर खोज्ने क्रममा उहाँले परम्परागत खेतीभन्दा फरक, नयाँ सोच र नयाँ प्रविधिसहितको कृषि अवधारणाको कल्पना गर्न थाल्नुभयो।

त्यो सोच व्यवहारमा उतार्ने निर्णायक क्षण भने कोभिड-१९ को बन्दाबन्दीसँगै आयो। २०७६ चैत ११ गतेदेखि देशभर बन्दाबन्दी सुरु भएपछि सहरका भान्सामा हरियो तरकारीको अभाव देखिन थाल्यो। अन्य खाद्यान्नजस्तो लामो समय भण्डारण गर्न नमिल्ने भएकाले तरकारी सङ्कट आउनु स्वाभाविक थियो। बजार सुनसान थिए, यातायात ठप्प थियो, तरकारीको मूल्य आकासिँदै थियो। त्यहीबेला चैत १५ गते एक बिहान घरको कौशीमा हावा खान निस्कँदा लोकेन्द्रको मनमा एक्कासी एउटा विचार आयो अब यो कौशी खाली राख्ने होइन, यहीँ खेती गर्नुपर्छ।

विचार सहज थियो तर व्यवहार जटिल। कौसीखेती भन्ने कुरा सुन्नेबित्तिकै धेरैले हाँसे, केहीले असम्भव ठाने। धेरैले उहाँले देखाएको कौशीखेतीको सम्भावनालाई नपत्याएपछि आफ्नै कौसीबाट सुरु गर्ने निर्णय गर्नुभयो। उहाँले कृषि विज्ञहरूसँग परामर्श लिनुभयो, कौशीखेतीसम्बन्धी पुस्तकहरू अध्ययन गर्नुभयो, माटोको मिश्रणदेखि पानीको व्यवस्थापनसम्मका विषयमा सानासाना प्रयोग सुरु गर्नुभयो।

सुरुका दिन सहज थिएनन्। उपयुक्त माटोको अभाव, मलको सन्तुलन, किराको प्रकोप, गर्मीका कारण बारम्बार पानी हाल्नुपर्ने बाध्यता र धेरै बिरुवा मर्ने अवस्थाले कहिलेकाहीँ मनोवैज्ञानिक रूपमा निराशा पनि थप्यो तर असफलतामै रोकिने उहाँको स्वभाव थिएन। बाँचिरहेका बिरुवाबाटै नयाँ बिरुवा तयार गर्ने, गल्तीबाट सिक्दै अघि बढ्ने प्रक्रियाले उहाँलाई थप ऊर्जा दियो। केही समयपछि कौशीमा हरियो तरकारी लहलहाउन थाल्यो।

आफ्नै कौशीबाट उत्पादन भएको तरकारी भान्सामा पुग्यो, त्यो केवल तरकारी मात्र थिएन त्यो आत्मनिर्भरता, आत्मसम्मान र आत्मविश्वासको स्वाद थियो। हरियो तरकारीको अभाव मात्र हटेन, अर्ग्यानिक स्वादले स्वास्थ्यमा पनि सकारात्मक प्रभाव देखिन थाल्यो। यही अनुभवले उहाँलाई थप उत्साहित बनायो र कौशीखेतीलाई अझ विस्तार कसरी गर्न सकिन्छ भन्ने विषयमा गहिरो अध्ययन र प्रयोगको बाटो खोल्यो।

बन्दाबन्दीको दुई-तीन महिनापछि उहाँको कौशीमा उत्पादन भएका तरकारी बाहिरबाटै देखिन थाले। बिहान-बेलुका घरको बाटो भएर हिँड्ने मानिस, छिमेकीहरू रोकिएर जिज्ञासा राख्न थाले कसरी गर्नुभयो ? कति खर्च लाग्यो ? हामीले पनि गर्न सक्छौँ ? यही चासोले हिजो बाबुबाजेले गर्दै आएको परम्परागत खेती र आजको युवा पुस्ताले गर्नसक्ने आधुनिक, प्रविधियुक्त खेतीबारे छलफल र बहस सुरु गरायो। लोकेन्द्रको घरको कौशी सहरभित्र कृषि सम्भावनाबारे संवाद हुने एउटा सानो केन्द्र जस्तै बन्न थाल्यो।

आफूले सुरु गरेको कौसीखेती तीन महिना पुग्दानपुग्दै परिवारलाई पुग्ने तरकारी उत्पादन हुन थालिसकेको उहा सुनाउनुहुन्छ। "त्यो बेलाको सबैभन्दा महत्वपूर्ण कुरा भनेको आफ्नै पसिनाले उब्जाएको तरकारी खाँदा पाइने सन्तुष्टि, आनन्द र मानसिक शान्ति थियो", उहाँ भन्नुहुन्छ, "यो अनुभूति आफूमा मात्र सीमित राख्नु हुँदैन भन्ने सोच झन बलियो हुँदै गयो। यो अनुभव समुदायमा कसरी लैजान सकिन्छ ? भन्ने प्रश्नले उहाँलाई निरन्तर घच्घच्याइरह्यो। त्यही खोज, निरन्तर छलफल र विचारविमर्शको परिणामस्वरूप सचेतना कृषि सहकारीको अवधारणा जन्मिएको लोकेन्द्र बताउनुहुन्छ।

कोभिड महामारी सुरु हुनुअघि नै भूकम्पपछिको पुनःस्थापना अवधिमा गैरसरकारी संस्थामार्फत झन्डै कृषि तालिम केन्द्रमा कोशी प्रदेशका १४ जिल्लाका सहभागीहरूसँग सहजीकरण गर्ने क्रममा उहाँले वैदेशिक रोजगारीबाट फर्किएका करिब २५० भन्दाबढी युवासँग कृषिसम्बन्धी धारणा र सोचबारे संवाद गर्नुभएको थियो। त्यतिबेला युवाको सोच बुझ्दै जाँदा कृषिलाई कार्यालय संस्कृतिसँग र किसानलाई अधिकृतसरहको जीवनशैलीसँग जोड्नसके युवा पुस्तालाई देशमै त्यो पनि कृषि क्षेत्रमा रोक्न सकिन्छ भन्ने दृढ विश्वास उहाँभित्र विकास भयो।

व्यक्तिगत रूपमा सुरु गरिएको कौशीखेतीलाई व्यापक बनाउने उद्देश्यले सहकारीको संरचना अघि आएको हो। हाल उहाँले आफ्नो घरको छत र थोरै जग्गामा विभिन्न किसिमका तरकारी उत्पादन गरिरहनुभएको छ। नयाँनयाँ प्रविधिको प्रयोग गरेर खेती गर्नुहुन्छ। कौशीखेती गर्न चाहनेलाई निःशुल्क तालिम दिनुहुन्छ, थोपा सिँचाइ प्रणाली सिक्न चाहनेलाई व्यावहारिक रूपमा सिकाउनुहुन्छ। "आफूले सिकेको सीप सबैसँग बाँड्नुपर्छ", लोकेन्द्र भन्नुहुन्छ, "त्यसरी मात्रै सामूहिक परिवर्तन सम्भव हुन्छ।"

भारतबाट आयात हुने तरकारीमा विषादीको मात्रा धेरै हुने यथार्थप्रति उहाँ गहिरो चिन्ता व्यक्त गर्नुहुन्छ। सस्तो र सजिलोका नाममा हामीले आफ्नो स्वास्थ्यसँग सम्झौता गरिरहेको उहाँको ठम्याइ छ। "मेरो चाहना हो, कसैको भान्सामा विषादी नपुगोस्", उहाँ भन्नुहुन्छ, "त्यसका लागि सहकारीमार्फत उत्पादन र उपभोगलाई जोड्ने प्रयास गरिरहेका छौँ।" हाल सहकारीमा करिब १५० जना शेयर सदस्य आबद्ध भइसकेका छन्। उत्पादन, तालिम र चेतनामार्फत विस्तारै सहकारीको उद्देश्य पूरा हुँदै जानेमा उहाँ आशावादी हुनुहुन्छ।

उहाँका अनुसार आधुनिक कृषिमा ठूलो चुनौती भनेकै उन्नत बीउको उपलब्धता र त्यसको विश्वसनीयता हो। खेती गर्ने कृषि क्यालेन्डरबारे ज्ञानको अभाव, प्रविधिसँग अपरिचित हुनु र कृषि पेसालाई हेर्ने नकारात्मक सामाजिक दृष्टिकोण पनि मुख्य समस्या हुन्। तर यिनै चुनौतीलाई अवसरमा बदल्न सकिए कृषिले नया उचाइ लिने लोकेन्द्रको विश्वास छ। कृषि कार्यले केवल पेट भर्ने मात्र होइन, बिरुवा र माटो थेरापीमार्फत मानसिक र शारीरिक स्वास्थ्य सुधारमा योगदान पुऱ्याउँछ। "कौशीखेती उत्पादनको माध्यम मात्र होइन, तनाव व्यवस्थापन र आत्मिक सन्तुलनको बलियो आधार पनि हो", उहाँ भन्नुहुन्छ।

शिक्षा मन्त्रालयले कक्षा ९ को नेपाली पाठ्यपुस्तकमा 'करेसाबारी' पाठ समावेश गरिनुले कृषि शिक्षाको महत्व बुझ्न थालेको सङ्केत भएको उहाँ मान्नुहुन्छ। केही समयअघि विराटनगर-१ स्थित राधाकृष्ण विद्यालय, जेम्स स्कुललगायतका विद्यालयमा कौशीखेती र करेसाबारीबारे व्यावहारिक ज्ञान दिन छलफल गर्दा सुरुमा अपेक्षित प्रतिक्रिया नआए पनि अहिले विराट बहिरा स्कुल निकै सकारात्मक देखिएको र छलफल अघि बढिरहेको लोकेन्द्र सुनाउनुहुन्छ।

कौशीखेतीले सहर सफा र सुन्दर बनाउन पनि सहयोग पुऱ्याउने उहाँको धारणा छ। सहरका प्रत्येक परिवारले कौशीखेती वा करेसाबारी अपनाएमा मल र जैविक विषादीका लागि सडक किनारका झारपात प्रयोग गर्न सकिने उहाँको अनुभव छ। लोकेन्द्र थापाको सपना एउटै छ, जब कुनै युवाले टाई-सुटमै खेतबारीमा काम गरिरहेको किसान देखोस् र उसको मनमा पनि कृषि पेसा रोज्ने हुटहुटी जागोस्। किसानको जीवनशैली देखेर कृषि भविष्यको पेसा हो भन्ने अनुभूति होस्। विराटनगरबाट सुरु भएको यो सोचले आज कृषिको नयाँ कथा लेख्न थालेको छ, जहाँ माटो, प्रविधि र सम्मान एउटै धरातलमा उभिएका छन्।

## धार्मिक आस्था ...

आलमले भने तीन वर्ष अघि भुलवस सामाजिक सञ्जाल मार्फत त्यस्तो टिका टिप्पणी पोस्ट हुन गएको भन्दै क्षमा याचना गरेका छन्। उनले सामाजिक सञ्जाल मार्फत नै आइन्दा यस्तो गल्ती नदोहऱ्याउने प्रतिवद्धता समेत व्यक्त गरेका छन्।

उनले तीन वर्ष अघि भुलवस गरिएको पोष्टलाई लिएर पटक/पटक क्षमायाचना मागी सकेको भएपनि अहिले भाइरल गरेर विवाद चर्काउने खोजिएको गुनासो गरेका छन्।

यता हिन्दुवादी संगठनहरुले भने आलमलाई पक्राउ गरी कारवाही नगरेसम्म आन्दोलन नरोकिने अडान यथावत राखेका छन्। आन्दोलन चर्किदै जाँदा आपसी सद्भाव विथोलिने सम्भावना देखेर दुबै धर्मावलम्बीका अगुवा र आन्दोलनरत पक्षसंग छलफल गरी समस्या समाधानको प्रयास भईरहेको स्थानीय प्रशासनले जनाएको छ।

## ज्येष्ठ नागरिक ...

मेहताको अध्यक्षतामा आयोजित कार्यक्रममा समाजसेवी हितनाराण दास, पत्रकार महासंघ सप्तरीका पुर्व अध्यक्ष धीरेन्द्रप्रसाद साह लगायतले पनि शुभकामना दिदै जेष्ठ नागरिकको सुरक्षा र संरक्षणका लागि सबै मिलेर काम गर्नुपर्नेमा जोड दिएका थिए।

कार्यक्रममा जयेष्ठ नागरिक जिल्ला संघले ८० वर्ष भन्दा माथिका ८ जनालाई सम्मान गरेको छ। सम्मानित हुनेहरुमा राजविराजका नन्दलाल साह, भौली नौनियाँ, विजय तातेड, मैना देवी जोशी, वरिष्ठ अधिवक्ताद्वय हिम्मत सिंह, रामकृष्ण गौतम तथा राजगढ गाउँपालिकाका फेकु दास छन्।

यस्तै पुर्व कर्मचारी सेवा परिषद नेपालले सेवानिवृत्त भई ७८ वर्ष पुगेका ४ जना पुर्व कर्मचारीलाई सम्मान गरेको छ।

सम्मानि हुनेहरुमा प्रयागलाल यादव, गंगालाल साह, गणेश प्रसाद साह र जगदीश मेहता छन्। उनीहरुलाई प्रमुख अतिथि सिंहले दोसल्ला तथा कदरपत्रबाट सम्मान गरेका थिए। कार्यक्रम सञ्चालन जेष्ठ नागरिक जिल्ला संघका सचिव बैद्यनाथ झाले गरेका थिए।

# विश्व समाचार

## संयुक्त राष्ट्रसंघद्वारा बुशरा बीबीको हिरासतको अवस्थाको आलोचना

जेनेभा (स्विट्जरल्यान्ड), ११ पुस (रासस/एएनआई)।

यातना सम्बन्धी संयुक्त राष्ट्रसंघीय विशेष प्रतिवेदकले पाकिस्तानका पूर्व प्रधानमन्त्रीकी पत्नी बुशरा बीबी खानको नजरबन्दको अवस्थाको आलोचना गर्दै उहाँको अवस्था अन्तर्राष्ट्रिय मापदण्ड भन्दा न्युन रहेको बताउनु भएको छ। संयुक्त राष्ट्रका विज्ञले उहाँको शारीरिक र मानसिक अखण्डतामा गम्भीर खतरा निम्त्याउन सक्ने अवस्थामा हिरासतमा राखिएको चेतावनी दिएका छन् भने अधिकारीहरूलाई यथा सिघ्र स्थितिलाई सम्बोधन गर्न आग्रह गर्दै संयुक्त राष्ट्र मानव अधिकार उच्चायुक्तको कार्यालय (ओएचसीएचआर) ले एक विज्ञप्ती जारी गरेको छ।

"बुशरा बीबी खानको स्वास्थ्यको रक्षा गर्न र मानवीतासहितको नजरबन्दको अवस्था सुनिश्चित गर्न राज्यको दायित्व भएको यातना सम्बन्धी संयुक्त राष्ट्रसङ्घकी विशेष प्रतिवेदक एलिस जिल एडवर्ड्सले बताउनु भएको छ। ओएचसीएचआरको प्रेस विज्ञप्ति अनुसार बुशरा बीबी खानलाई एउटा सानो, हावा नआउने कोठामा राखिएको र उक्त स्थानमा कीराहरूलगायतको संक्रमणको डर भएको जनाइएको छ। उहाँलाई अशुद्ध पिउने पानी र अत्यधिक खोर्सानी राखेको खाना दिइएको पनि बताइएको छ। उहाँको अवस्था न्यूनतम अन्तर्राष्ट्रिय मापदण्ड भन्दा तल रहेको उल्लेख गर्दै एडवर्ड्सले "कुनै पनि कैदीलाई अत्यधिक गर्मी, दूषित खाना वा पानी, स्वास्थ्य समस्या बढाउने गरी नजर कन्दमा राख्न नहुने बताउनु भएको छ।

विशेषज्ञले पाकिस्तानलाई नजरबन्दको अवस्था र स्थानहरूले कैदीहरूको उमेर, लिङ्ग र स्वास्थ्य परिस्थितिलाई ध्यानमा राख्नुपर्ने कुरासमेत सुझाउनु भएको छ। प्रतिवेदनले बुशरा बीबी खानलाई दिनको २२ घण्टा भन्दा बढीको लागि, व्यायाम, पठन सामग्री, कानुनी सल्लाह, परिवार भ्रमण, वा उहाँको व्यक्तिगत चिकित्सकहरूको पहुँच बिना प्रायः पूर्ण एकान्तवासमा राखिएको जनाएको छ। विशेष प्रतिवेदकले औपचारिक रूपमा बुशरा बीबी खानको अवस्थालाई पाकिस्तान सरकार समक्षा राखी घटनाक्रमलाई नजिकबाट निगरानी गर्ने जनाउनु भएको छ। यसैबीच, मङ्गलबार पाकिस्तानको एक स्थानीय अदालतले पिटिआईका संस्थापक इमरान खान र उहाँकी पत्नीलाई लागेका मुद्दाहरूमा अन्तरिम जमानत विस्तार गरेको छ, भने इमरान खानलाई अर्को सुनुवाइमा व्यक्तिगत रूपमा वा भिडियो लिङ्क मार्फत उपस्थित हुन निर्देशन दिएको छ।

## शीर्ष कमाण्डरसहित ६ नक्सालवादी विद्रोहीको मृत्यु

नयाँदिल्ली, ११ (रासस/सिन्स्वा)।

पूर्वी भारतीय राज्य ओडिसामा भएको प्रहरीसँगको गोली हानाहानमा मारिएका छ जना नक्सलवादी विद्रोहीहरू मध्ये एकजना शीर्ष कमान्डर रहेको अधिकारीहरूले बताएका छन्। ओडिसा राज्यको राजधानी भुवनेश्वरबाट करिब २७१ किलोमिटर पश्चिममा रहेको कान्धमाल जिल्लामा प्रहरी र नक्सलवादी बिच मुठभेड भएको जनाइएको छ। ओडिसाका प्रहरी प्रमुख योगेशबहादुर खुरानियाले मिडियालाई बताए अनुसार बुधबार कान्धमालमा ठूलो मात्रामा गोलाबारुद बरामद गरिएको थियो भने। बिहीबार कान्धमाल-गन्जाम सीमामा गरिएको फलो-अप अपरेसनमा धेरै स्थानमा गोली हानाहानमा थप चार जना नक्सलवादीहरुको मृत्यु भएको छ।

खुरानियाले मारिएका मध्ये एक जना नक्सलवादी ओडिसाका कमान्डका प्रमुख र केन्द्रीय समितिका सदस्य गणेश उइकेका रूपमा पहिचान गरिएको बताउनु भएको छ। जो धेरै ठूला-ठूला आक्रमणहरूमा संलग्न थिए। प्रहरीका अनुसार यस क्षेत्रमा नक्सलवादीहरूको बारेमा प्राप्त विशेष गुप्तचर सूचनाको आधारमा प्रहरीले संयुक्त खोजी अभियान चलाए पछि गोली हानाहान सुरु भएको थियो। गतिरोधका क्रममा प्रहरीलाई कुनै क्षति नभएको प्रहरीले जनाएको छ।भारतका गृहमन्त्री अमित शाहले उक्त अभियानलाई "ठूलो सफलता" को रूपमा प्रशंसा गर्नु भएको छ। भारत सरकारले ३१ मार्च २०२६ सम्ममा नक्सलवाद उन्मूलन गर्ने संकल्प गरेको छ भने मध्य र पूर्वी भारतमा सक्रिय विद्रोहले सयौँको ज्यान लिएको लिनुका साथै हजारौं विस्थापित भएका छन्।

## चीनद्वारा इन्टरनेट उपग्रह प्रक्षेपण

वेनछाङ, हाइनान, ११ पुस (रासस/सिन्स्वा)।

चीनले शुक्रबार दक्षिणी टापु प्रान्त हाइनानबाट 'लङ मार्च-८ए' वाहक रकेट सफलतापूर्वक प्रक्षेपण गरी इन्टरनेट सेवाका लागि प्रयोग हुने उपग्रहहरूको एक समूहलाई अन्तरिक्षमा पठाएको छ। लङ मार्च-८ए चीनद्वारा विकास गरिएको आधुनिक रकेट हो, जसको मुख्य उद्देश्य उपग्रहहरूलाई अन्तरिक्षमा पठाउनु हो। यो लङ मार्च रकेट शृङ्खलाको उन्नत संस्करण मानिन्छ र विशेष गरी पृथ्वी कक्षमा इन्टरनेट, सञ्चार तथा प्रविधिसम्बन्धी उपग्रह प्रक्षेपणका लागि प्रयोग गरिन्छ। उच्च सटीकता, विश्वसनीयता र व्यावसायिक तथा सरकारी दुवै प्रयोजनका लागि उपयुक्त क्षमताका कारण लङ मार्च-८ए चीनको अन्तरिक्ष कार्यक्रममा महत्वपूर्ण हिस्सा बनेको छ।

बिहान ७ बजेर २६ मिनेटमा हाइनानस्थित व्यावसायिक अन्तरिक्ष प्रक्षेपण केन्द्रबाट उडेको रकेटले न्यून पृथ्वी कक्षामा रहेका इन्टरनेट उपग्रहहरूको १७औं समूहलाई निर्धारित कक्षमा सफलतापूर्वक स्थापित गरेको चिनियाँ सञ्चारमाध्यमले जनाएका छन्। यस सफल प्रक्षेपणले चीनको अन्तरिक्षमा आधारित इन्टरनेट सञ्जाल विस्तारमा महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ।

# बरियारपट्टी छोटी भन्सार स्तरोन्नतिको माग गर्दै अर्थमन्त्रीलाई ज्ञापनपत्र

सिरहा, ११ पुस (रासस)।

सिरहाको बरियारपट्टी गाउँपालिका-३ मा रहेको छोटी भन्सार कार्यालय बन्द गरिने चर्चा चलिरहेको बेला स्थानीयवासी, जनप्रतिनिधि तथा जेनजी युवाले भन्सार कार्यालय यथावत् राखी स्तरोन्नति गर्न माग गर्दै अर्थमन्त्री रामेश्वरप्रसाद खनाललाई ज्ञापनपत्र बुझाएका छन्।

लहानस्थित रामकुमार शारदा उमाप्रसाद मुरारका प्रादेशिक अस्पतालको जग्गा हस्तान्तरण तथा सम्मान कार्यक्रममा बिहीबार जेनजी युवाको तर्फबाट शिव यादव, सन्तोष यादवलगायतले अर्थमन्त्री खनाललाई ज्ञापनपत्र हस्तान्तरण गरेका हुन्।

ज्ञापनपत्र बुझाउँदै जेनजी युवा सन्तोष यादवले भन्नुभयो, "शिव यादवलगायत यहाँका आम युवाले पहिलेदेखि नै बरियारपट्टी छोटी भन्सार स्तरोन्नतिका लागि पहल गरिरहनुभएको छ। आशा छ, यो भन्सार छिट्टै स्तरोन्नति हुन्छ। चार पाङ्ग्रे सवारीसाधनको आवतजावत खुलेपछि यस क्षेत्रका नागरिक र व्यापारीलाई ठूलो सहयोग पुग्नेछ।"

स्थानीयका अनुसार बरियारपट्टी छोटी भन्सार कार्यालय बरियारपट्टी बजारको मध्य भागमा अवस्थित छ। यस भन्सारबाट सिरहा जिल्लासहित आसपासका लाखौं नागरिक प्रत्यक्ष रूपमा लाभान्वित हुँदै आएका छन्।

बरियारपट्टी, औरही, अर्नामा, नवराजपुर, लक्ष्मीपुर पतारी गाउँपालिका तथा सुखिपुर, धनगढीमाइ, गोलबजार र लहान नगरपालिकाका केही वडाका नागरिक तथा साना-ठूला व्यापारीहरूले यस भन्सारमार्फत घरायसी तथा व्यावसायिक सामग्रीको आयात-निर्यात गर्दै आएका छन्।

भौगोलिक रूपमा नेपालतर्फको बरियारपट्टी बजार र भारततर्फको लदनियाँ बजार सिधैं जोडिएको हुँदा यस भन्सारको आर्थिक तथा व्यापारिक महत्व उच्च रहेको स्थानीयको भनाइ छ। भन्सार कार्यालयले गत आर्थिक वर्ष २०८१/८२ मा रु ७० लाख छ हजार राजस्व सङ्कलन गरेको तथ्याङ्क उल्लेख गरिएको छ। ज्ञापनपत्रमा बरियारपट्टी छोटी भन्सार कार्यालय बन्द नगरी यथावत् सञ्चालन गर्न, आवश्यक पूर्वाधार निर्माण गरी स्तरोन्नति गर्न र चार पाङ्ग्रे सवारीसाधन सञ्चालनको व्यवस्था मिलाउन सम्बन्धित निकायले तत्काल पहल गर्नुपर्ने माग गरिएको छ।

सिरहामा बरियारपट्टी छोटी भन्सारबाहेक माडर भन्सार र ठाडी भन्सार गरी दुई वटा मुख्य भन्सार कार्यालय रहेको छ।

# प्रतिनिधिसभा सदस्यको निर्वाचनमा ककसलाई लाग्छ आचारसंहिता ?

काठमाडौं, ११ पुस (रासस)।

आगामी फागुन २१ गतेका लागि तय भएको प्रतिनिधिसभा सदस्यको निर्वाचनलाई स्वच्छ, मर्यादित र विश्वसनीय बनाउन कुनकुन निकायलाई आचारसंहिता लाग्ला ? धेरैलाई जिज्ञासा रहेको हुनसक्छ।

यद्यपि, नेपालमा यसअघि पटकपटक निर्वाचन भएकाले आचारसंहिता कुनकुन क्षेत्रमा लाग्छ भन्ने सामान्यता थाहा हुन्छ नै। निर्वाचन आयोगले तयार पारेको र हाल परामर्शका क्रममा रहेको निर्वाचन आचारसंहिताअनुसार नेपाल सरकारका मन्त्रीलाई पूर्ण रूपमा आचारसंहिता लाग्छ।

यसैगरी, प्रदेश सरकार र प्रदेश सरकारका मन्त्री, संवैधानिक निकाय र त्यसका पदाधिकारी, सङ्घीय सरकार र प्रदेश सरकारका निकाय र सो निकायका पदाधिकारीलाई आचारसंहिता लाग्छ।

स्थानीय कार्यपालिका र सोका सदस्य, सङ्घ, प्रदेश र स्थानीय तहका कर्मचारी, सुरक्षा निकाय, सुरक्षाकर्मी तथा कर्मचारी, सरकारी अर्धसरकारी तथा सार्वजनिक संस्थाको कार्यालय र कर्मचारीलाई आचारसंहिता लाग्नेछ।

राजनीतिक दल तथा राजनीतिक दलका भ्रातृ सङ्गठन, उम्मेदवार तथा सम्बन्धित व्यक्ति, राजनीतिक दल तथा उम्मेदवारको निर्वाचन प्रतिनिधि, मतदान प्रतिनिधि तथा मतगणना प्रतिनिधिलाई आचारसंहिता लाग्नेगरी प्रस्ताव गरिएको छ।

सार्वजनिक पदधारण गरेको व्यक्ति, अनुमगन समितिका पदाधिकारी तथा अनुमगनकर्ता, पर्यवेक्षण संस्था तथा पर्यवेक्षक, सञ्चार प्रतिष्ठान, सोका पदाधिकारी तथा कर्मचारी, विद्यालय, महाविद्यालय वा विश्वववद्यालय, सोका शिक्षक तथा कर्मचारी, मतदाता, विकास साझेदार संस्था, सरकारी तथा अर्धसरकारी निकायबाट सञ्चालित परियोजना तथा परियोजनाका कर्मचारी, मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्ने संस्था र त्यसका कर्मचारीलाई पनि पूर्ण रूपमा आचारसंहिता लाग्नेछ।

त्यस्तै, निजी क्षेत्रका बैंक तथा वित्तीय संस्था, सहकारी संस्था, व्यापारिक तथा औद्योगिक क्षेत्र, सोका पदाधिकारी, कर्मचारी तथा कामदारलाई पनि आचारसंहिता लाग्छ।

वस्तु तथा सेवा प्रदायक व्यावसायिक संस्थाका पदाधिकारी, कर्मचारी तथा कामदार र आयोगले तोकेका अन्य निकाय वा व्यक्तिलाई पनि आचारसहिता लाग्ने छ। आयोगले प्रस्ताव गरेको आचारसंहिता आवश्यक सुझाव र सल्लाहसहित केही दिनभित्रै लागू हुने जनाइएको छ।

# पेटभित्रबाट निकालियो लागुऔषध, तीन विदेशी पक्राउ

काठमाडौं, ११ पुस (रासस)।

नेपाल प्रहरीको लागुऔषध नियन्त्रण ब्युरोको टोलीले पेटभित्र राखेर लागुऔषध तस्करी गरिरहेका एकसहित तीन जना विदेशीलाई पक्राउ गरेको छ।

एक जनाको भने पेटभित्रबाट लागुऔषध निकालिएको ब्यूरोका सहायक प्रवक्ता प्रहरी नायब उपरीक्षक जीवन निरौलाले जानकारी दिनुभयो। हवाईमार्ग हुँदै नेपाल आएका विदेशी नागरिकलाई निगरानी गर्ने क्रममा लागुऔषध कारोबारमा संलग्न अन्तरराष्ट्रिय गिरोहका तीन जना विदेशी नागरिकलाई लागुऔषध कोकिनसहित पक्राउ गरिएको उहाँले बताउनुभयो।

लाओसबाट थाइल्याण्ड हुँदै काठमाडौं आएकी थाई नागरिक ४० वर्षीया रुसानी कामालाई विशेष स्रोतबाट प्राप्त सूचनाका आधारमा सिनामङ्गलस्थित एक होटलमा फेला पारी खानतलासी गर्दा १२ वटा प्लास्टिक कोटेट क्याप्सुलभित्र लागुऔषध कोकिन बरामद गरिएको थियो।

सहायक प्रवक्ता निरौलाले भन्नुभयो, "थप अनुसन्धानका सिलसिलामा उनले मुखबाट निलेर पेटभित्र लुकाइ ल्याएको अन्य २९ वटा क्याप्सुलसमेत निकालियो, अस्पतालमा स्वास्थ्यकर्मीको सहयोगबाट उक्त क्याप्सुल निकाएिको छ, उनीसँग रहेको ४१ प्लास्टिक कोटेट क्याप्सुल लागुऔषधको तौल ५५० ग्राम रहेको छ।"

उहाँले यस्तै लाओसबाट सिङ्गापुर हुँदै काठमाडौं आएका भारतीय नागरिक ५५ वर्षीय जेभिएरलाई निगरानी गर्दै जाने क्रममा काठमाडौंको सिनामङ्गलस्थित सडकबाट पक्राउ गरिएको जानकारी दिनुभयो। उनको साथमा रहेको सुटकेस रिसिभ गर्न आएका अर्का भारतीय नागरिक २१ वर्षीय मुर्सलिन हुसेनलाई समेत पक्राउ गरिएको छ।

उनीहरूमाथि खानतलासी गर्दा उक्त सुटकेसभित्र रहेको कफीको प्याकेटमा लुकाइराखेको अवस्थामा लागुऔषध कोकिन तीन किलो ७५० ग्राम रहेको पनि सहायक प्रवक्ता निरौलाले बताउनुभयो। ब्यूरोले उनीहरूलाई बिहीबार अदालतमा पेस गरिएकामा अदालतबाट म्याद थप भई अनुसन्धान जारी रहेको जानकारी दिएको छ।

# ज्येष्ठ नागरिकको अधिकार सुनिश्चित गर्न आग्रह

काठमाडौं, ११ पुस (रासस)।

राष्ट्रिय मानव अधिकार आयोगले ज्येष्ठ नागरिकको अधिकारप्रति संवेदनशील हुँदै संविधान, ऐन र नीति नियममा भएका व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्न सरकारसँग आग्रह गरेको छ। आयोगले आवश्यकता पहिचान गरी ज्येष्ठ नागरिकको विषयलाई नीति, योजना, कार्यक्रम र बजेटको प्राथमिकतामा राख्न, सीप, अनुभवलाई अन्तरपुस्ता हस्तान्तरण गर्न आग्रह गरेको हो।

"ज्येष्ठ नागरिकको सम्मानमा जोड दिन आयोग तीनै तहका सरकारलाई निर्देशन गर्दछ", आयोगका प्रवक्ता डा टीकाराम पोखरेलले भन्नुभयो, "ज्येष्ठ नागरिकको हकअधिकारको सुनिश्चितता र सम्मानका लागि आफ्नो कर्तव्य निर्वाह गर्नसमेत आयोग परिवारका सदस्य र नागरिक समाजलाई अनुरोध गर्दछ।"

नेपालको संविधानको धारा ४१ मा व्यवस्था गरिएको ज्येष्ठ नागरिकको हक तथा ज्येष्ठ नागरिक ऐन, २०६३ को कार्यान्वयन अवस्था सम्बन्धमा आयोगले गरेको अध्ययनका क्रममा ज्येष्ठ नागरिक आफ्नो अधिकारकाबारेमा जानकार नहुनुका साथै उनीहरुले राज्यले प्रदान गर्ने सेवासुविधाको प्रभावकारिताको अनुभूति गर्न नपाएको देखिएको छ।

"राज्यबाट प्रदान गरिएका स्वास्थ्य र यातायात सेवामा प्राथमिकतालगायत सुविधाबाट ज्येष्ठ नागरिकहरु वञ्चित हुनुका साथै पहुँचयुक्त नभएको अनुगमनको क्रममा पाइएको छ", आयोगका प्रवक्ता पोखरेलले भन्नुभयो, "कतिपय ज्येष्ठ नागरिकले पारिवारिक विखण्डन, परिवारबाट हेला एवं त्याग्नेकाम र वृद्धाश्रममा लगेर राख्ने क्रमलाई संस्थागतिकरण गर्नेजस्ता प्रवृत्तिलगायतले परिवारका सदस्यसँगै नहुँदा एक्लो महसुस गर्नु परेको र उनीहरुको सम्मान, हेरचाह र मायामा कमी आउँदा ज्येष्ठ नागरिक अधिकारको उपभोगबाट वञ्चित हुनुपरेको देखिन्छ।"

हाल नेपालमा ज्येष्ठ नागरिकको सङ्ख्या २९ लाख ७७ हजार ३१८ रहेको छ। राष्ट्रिय जनगणना २०७८ अनुसार ज्येष्ठ नागरिकको वृद्धिदर ३ दशमलव ५ प्रतिशत रहेको छ। जनगणना २०७८ को समग्र जनसङ्ख्याको वृद्धिदर ० दशमलव ९२ प्रतिशत रहेकामा ज्येष्ठ नागरिकको वृद्धिदर ३ दशमलव ५ प्रतिशत हुनुले अन्यको तुलनामा ज्येष्ठ नागरिकहरुको वृद्धि प्रतिशत बढी देखिन्छ।

ज्येष्ठ नागरिकको सङ्ख्या अझ बढ्ने आकलन गर्न सकिने औसत आयुवृद्धि, मृत्युदरमा कमी र स्वास्थ्यप्रति सचेतनाका कारण ज नागरिकको सङ्ख्या वृद्धि हुँदै गएको देखिएको छ। समाजको पुँजीको रुपमा ज्येष्ठ नागरिकमा रहेको ज्ञान, सीप, अनुभव र क्षमतालाई नयाँ पुस्तामा हस्तान्तरण गरी देश र समाज लाभान्वित हुन तीनै तहका सरकारले ठोस कदम चाल्नु आवश्यक छ।

शुक्रबार नेपालमा पाँचौं राष्ट्रिय ज्येष्ठ नागरिक दिवस 'हाम्रो साझा अभियानः ज्येष्ठ नागरिकप्रति श्रद्धा र सम्मान' भन्ने नाराका साथ मनाइँदै छ। ज्येष्ठ नागरिकलाई सम्मान र अधिकारको सुनिश्चिततामा टेवा पुगोस् भन्ने उद्देश्यले विसं २०७८ देखि नेपालमा यो दिवस मनाउन सुरु गरिएको हो।

# मन्त्री गुप्ताद्वारा निर्माणाधीन कमला पुलको निरीक्षण

सिरहा, ११ पुस (रासस)।

युवा तथा खेलकुदमन्त्री बब्लु गुप्ताले हुलाकी सडकअन्तर्गत धनुषा र सिरहा जोड्ने कमला नदीको निर्माणाधीन पुल समयमै पूरा गर्न निर्माण कम्पनीलाई निर्देशन दिनुभएको छ। बिहीबार पुल निरीक्षण गर्दै मन्त्री गुप्ताले भन्नुभयो, "पुल निर्माण तीव्र गतिमा भइरहेको पाएँ, नयाँ पुल बनाउन समय लाग्छ, अहिले यही पुलको काम छिटो पूरागरी सञ्चालनमा आउनुपर्छ।"

निरीक्षणका क्रममा मधेस प्रदेशका जेनजी संयोजक शिव यादवले पुलको अवस्थाबारे जानकारी गराउनुभएको थियो। निरीक्षणपछि मन्त्री गुप्ताले एक महिनाभित्र चारपाङ्ग्रे सवारी सञ्चालनमा आउने विश्वास व्यक्त गर्नुभयो।

स्थानीय युवा सन्तोष यादवले मन्त्री गुप्ताको निरीक्षणपछि पुल निर्माणले गति लिनेमा विश्वास व्यक्त गर्नुभयो।

यसअघि मन्त्री गुप्ताको पहलमा गत मङ्सिर ५ गते भौतिक पूर्वाधार तथा यातायातमन्त्री कुलमान घिसिङले पनि पुलको स्थलगत निरीक्षण गर्नुभएको थियो। त्यस क्रममा मन्त्री घिसिङले निर्माण कम्पनीलाई चाँडै पुल सम्पन्न गर्न निर्देशन दिनुभएको थियो।

विसं २०६८ मा तीन वर्षभित्र निर्माण सक्ने सम्झौता भए पनि पटकपटक म्याद थपिँदा १३ वर्ष बितिसक्दा पनि पुल अधुरै छ। पप्पु कन्स्ट्रक्सन कालोसूचीमा परेपछि बाँकी काम लुम्बिनी बिल्डर्सले गर्दै आएको छ। विसं २०७८ असार १७ को बाढीले पुलका दुई जग भासिँदा थप क्षति भएको थियो। कूल ४६९ मिटर लामो पुलको हाल ८३ प्रतिशत भौतिक र ८२ प्रतिशत वित्तीय प्रगति भएको आयोजनाले जनाएको छ।

# आमनिर्वाचन कांग्रेसको पहिलो प्राथमिकता हो : सभापति देउवा

काठमाडौं, ११ पुस (रासस)।

नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले आफ्नो पार्टी आगामी फागुन २१ गते हुने निर्वाचनमा भाग लिने तयारीमा जुटिसकेको बताउनुभएको छ।

सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलसँग शुक्रबार आफ्नै निवासमा भएको भेटमा उहाँले निर्वाचनमा भाग लिने निर्णय आफ्नो पार्टीले गरेको र कांग्रेसको प्राथमिकतामा पनि निर्वाचन नै भएको बताउनुभयो।

साथै सभापति देउवाले स्वतन्त्र एवं निष्पक्ष रूपमा निर्वाचन सम्पन्न गर्न सरकारले उचित वातावरण बनाउनुपर्ने सुझाव दिनुभएको राजनीतिक संवाद समितिका सदस्यसमेत रहनुभएका मन्त्री खरेलले बताउनुभयो।

# नवनियुक्त मन्त्री शर्माद्वारा पद तथा गोपनीयताको शपथ

काठमाडौं, ११ पुस (रासस)।

नवनियुक्त परराष्ट्रमन्त्री बालानन्द शर्माले राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष पद तथा गोपनीयताको शपथ लिनुभएको छ। राष्ट्रपति कार्यालय शितल निवासमा शुक्रबार आयोजित विशेष समारोहमा उहाँले शपथ लिनुभएको हो।

प्रधानमन्त्री सुशीला कार्कीले शर्मालाई शुक्रबारै परराष्ट्रमन्त्रीमा नियुक्त गर्नुभएको हो। मन्त्रिपरिषद् विस्तारसँगै कार्की नेतृत्वको सरकार १५ सदस्यीय बनेको छ।

शपथ समारोहमा उपराष्ट्रपति रामसहायप्रसाद यादव, प्रधानमन्त्री कार्की, प्रतिनिधिसभाका सभामुख देवराज घिमिरे, प्रधानन्यायाधीश प्रकाशमानसिंह राउतसहित सरकारका उच्च पदस्थ कर्मचारी, कूटनीतिक नियोगका प्रमुख, सुरक्षाकर्मीसँगै संवैधानिक अंगका प्रमुख र उच्चपदस्थ कर्मचारीको सहभागिता थियो।

नेपाली सेनाका पूर्वरथी शर्माले तत्कालीन सेना समायोजन विशेष समितिको सचिवालय संयोजकको भूमिका समेत सम्हाल्नुभएको थियो। संयुक्त राष्ट्र सङ्घीय शान्ति सेनाको फोर्स कमाण्डरको जिम्मेवारी समेत सम्हालिसक्नुभएका उहाँ हाल प्रतिरक्षा विश्वविद्यालयको अध्यक्ष हुनुहुन्छ।

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*